**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २७ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आकाशवाणीको मन की बात कार्यक्रममा देशवासीहरूसित आफना मनका कुराहरू साझा गर्दै पहलगाव आतंकी हमलाका दोषीहरूलाई अवश्य कठोर दण्ड दिने कुरा दोहोरयाउनु भयो।
२. मुख्यमन्त्री ममता ब्यानर्जीले नोकरी गुमाएका योग्य शिक्षकहरूको पुनरबहालीका लागि सर्वोच्च अदालतमा समीक्षा याचिका दायर गरिने बताउनु भएको छ।
३. दार्जीलिंग पहाड़भरि साइन बोर्ड नेपाली भाषामा लेख्ने कार्यक्रम चलिरहेको छ। आज मिरिक बजारमा मानिसहरूसित नेपाली भाषामा साइन बोर्ड लगाउने आह्वान गरिएको छ।
४. आज विश्वभरिमा नेपाली भाषी समुदायले माता तीर्थ औंसी पालन गरयो।
५. ३६ औं दार्जीलि जिल्ला चेस च्याम्पियनशीप डी.पी.एस फूलबारीमा आज सम्पन्न।

**प्रधानमन्त्री मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले पहलगाम आतंकी हमलाका दोषी र षड्यन्त्रकारीहरूलाई कडा भन्दा कडा जवाफ दिइने बताउनु भएको छ। आकाशवाणीको मन की बात कार्यक्रममा राष्ट्रलाई सम्बोधित गर्दै श्री मोदीले यस महिनाको 22 तारिखमा पहलगाममा भएको आतंकी हमलाप्रति शोक व्यक्त गर्नुभयो।उहाँले भन्नुभयो यो हमला आतंकवादका आकाहरूको हताशा र कायरतालाई दर्शाउँदछ। उहाँले भन्नुभयो कश्मीरमा शान्तिको पुनर्बहाली लोकतन्त्रको सुदृढीकरण र पर्यटकहरूको संख्यामा रेकर्ड वृद्धि भारत र जम्मू कश्मीरका शत्रुहरूलाई स्वीकार्य छैन। श्री मोदीले भन्नुभयो आतंकवादीहरू र आतंकका आकाहरूले कश्मीरलाई फेरि ध्वस्त पार्ने यो षड्यन्त्र रचेका छन्। प्रधानमन्त्रीले भन्नुभयो आतंकवाद विरुद्धको यो लडाईमा सबैभन्दा ठूलो शक्ति देशको एकता र १४० करोड भारतीयको एकजुटता हो। उहाँले भन्नुभयो यो एकता आतंकवाद विरुद्धको निर्णायक लडाईको आधार हो। प्रधानमन्त्री नरेन्द्र मोदीले पीडित परिवारलाई न्याय पाउने आश्वासन दिनुभयो।

**क्याण्डल लाइट**

भारतीय जनता पार्टीले पहलगाव आतंकी हमलामा मारिएका २६ हिन्दु पर्यटकहरू साथै सोही हमलाको स्टाइलम वक्फ संशोधन कानून विरोधी प्रदर्शनको बेला मुर्शिदाबादमा भएको हिंसामा ३ जना हिन्दु मारिएकाहरूलाई स्मरण श्रद्धांजली दिनु आज साझ राज्यका मानिसहरूसित २९ वटा दियो बाल्ने आह्वान गरेकोमा राज्यका लाखौं मानिसहरूले आज साझ आ-आफना घरहरूमा दीप प्रज्जवल गरी श्रद्धांजली अर्पित गरेका छन्। राज्य भाजपा अध्यक्ष तथा केन्द्रीय मन्त्री डा. सुकान्त मजुमदारले आज २६ वटा दियो पहलगावमा मारिएकाहरूको सम्झनामा तथा ३ वटा दियो मुर्शिदाबादमा मारिएकाहरूको सम्झनामा दियो बाल्ने आह्वान गर्नुभएको थियो।

**भवानीपुर एजुकेशन सोसाइटी**

कोलकाताको भवानीपुर गुजराती एजुकेशन सोसाइटीले पहलगाम आतंकवादी हमलामा अनाथ भएका बालबालिकाहरलाई शिक्षित बनाउने जिम्मेवारी लिने भएको छ। वर्तमान समयमा देशमा आतंकवादी हमला पछि व्याप्त भयलाई खतम गर्नको लागि ताकत जुटाउन आवश्यक भएको छ। यस लक्ष्यलाई ध्यानमा राख्दै भवानीपुर गुजराती शिक्षा सोसाइटीले यो पहल गरेको छ। प्राप्त जानकारी अनुसारए यो संगठन बंगालमा आफन्त गुमाएका तीन परिवारका बालबालिकाहरुलाई १० लाख रुपियाँको सहायता प्रदान गर्ने छ। संगठनले यस एक विषयमा प्रेस विज्ञप्ति जारी गरेको छ।

**ममता निष्कासित गैर शिक्षक भत्ता**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले शिक्षक भर्ती घोटालाले गर्दा नोकरी गुमाएका गैर शिक्षक श्रेणी- ग्रुप सी र ग्रुप डी कर्मीहरूलाई मासिक भत्ता दिने घोषणा गर्नुभएको छ। उहाँले सो घोटालामा सर्वोच्च अदालतको निर्णयले गर्दा बर्खास्त हुनु परेको २५ हजार भन्दा बढ़ी शिक्षकहरूको पुनर बहालीका लागि शीर्ष अदालतमा समीक्षा याचिका दायर

गर्ने पनि बताएकी छन्। हिजो नवान्नमा राज्यका मुख्य सचिव मनोज पन्तको अध्यक्षतामा निष्कासित ग्रुप सी र ग्रुप डी-का कर्मचारीहरूसित बैठक गरियो जसलाई मुख्यमन्त्रीले फोनमा सम्बोधित गर्दै यो आश्वसन दिनु भयो। मुख्यमन्त्रीले ग्रुप सी र डी-लाई क्रमशः २५ हजार अनि २० हजार रुपियाँको भत्ता प्रति महिना दिइने घोषणा गर्नुभएको छ। उहाँले निष्कासित योग्य शिक्षकहरूलाई पुनर बहाल गराउन सरकारले हरसम्भव प्रयास तथा कानूनी विकल्पलाई अप्नाउने वाचा गर्नुभएको छ।

**नेपाली भाषामा साइन बोर्ड**

नेपाली भाषालाई प्रयोग गरौ भन्दै आज भागोप्रमो मिरिकले मिरिक बजारका दोकानदारहरुसम्म पुगि नेपाली भाषामा साइन बोर्ड लगाइदिने अनुरोधसहित आधिकारिक चिट्ठी हस्तान्तरण गका छन्रे। यस अभियानलाई भागोप्रमो मिरिक २३ नम्बर समष्टिका अध्यक्ष समिर राई अनि मिरिक नगर समितिका अध्यक्ष आशिष तामाङले नेतृत्व दिएका थिए। मिडियासितको अन्तर्क्रियामा भाग लिदै समिर राईले जिटिए को पहललाई आत्मासाथ गरि मिरिक बजारका दोकानेहरु भाषाको प्रयोगप्रति जिम्मेवार बन्ने अनुरोध गरे।

**माता तीर्थ औंसी**

दार्जिलिंग पहाडए तराई अनि छिमेकि राज्य सिक्किममा आज मानिसहरुले माता तिर्थ औंसी अर्थात आमाको मुख हेर्ने दिन मनाएका छन्।

**छाम पूजा**

अप्पर सोनादास्थित टाँशी छोईलिङ बौद्ध गुम्बामा विगत नौ वर्षदेखि परम्परागत रूपमा आयोजना हुँदै आएको छाम पूजा यस वर्ष पनि सफलतापूर्वक सम्पन्न भएको छ। गुम्बाका प्रमुख धर्मगुरु राफग्ये छाम्बलाका अनुसार पूजा दिनाङ्क २३ अप्रेल २०२५ देखि सुरु भइ आज सम्म विधिपूर्वक समापन गरिएको हो। आज समापनको दिन छाम नृत्यसँगै महाकालको छयोछेन पूजा सम्पन्न गरिएको थियो। धर्मगुरु धुङ्से रिम्पोछेले समस्त भक्तजनलाई दिर्घायुका लागि वाङ प्रदान गर्दै सम्पूर्ण प्राणी जगतको सुखए शान्ति र समृद्धिको कामना गर्नु भयो।

**श्री श्री सातकन्या देवी मन्दिर**

खरसाङको वार्ड नम्बर १६ स्थित स्प्रिङ साइडको उजेरी बस्तीमा रहेको श्री श्री सातकन्या देवी मन्दिर एंव माँ कात्यायनी धाममा यसपाली ९ दिवसीय ३६ औं चण्डी महायज्ञ पूजा सम्पन्न हुने भएको छ। गत वर्षहरुमा झैं यसपाली पनि श्री श्री सातकन्या देवी मन्दिरमा ९ दिवसीय चण्डी महायज्ञसितै ९ दिन नै हवण यज्ञ पनि हुने भएको छ। यस विषयमा आज श्री श्री सातकन्या देवी मन्दिर पूजा कमिटीले एक पत्रकार सम्मेलन बोलाएर यस मन्दिरमा यसपाली आगामी ४ मईदेखि १२ मईसम्म ९ दिवसीय चण्डी महायज्ञसितै हवण हुने जानकारी गराएका छन्।

**कुचबिहार मोर्टार शेल**

कुचबिहार जिल्लाको मेखलीगंजमा आज बिहान सेनाको मोर्टारको शेल भेटिएपछि क्षेत्रमा त्रास फैलिएको छ। यस क्षेत्रमा ढुङ्गा हटाउँदै गर्दा स्थानीय मानिसहरूले सेनाको मोर्टारको गोला फेला पारेको बताइएको छ। स्थानीय मानिसहरुले घटनाको बारेमा पुलिस प्रशासनलाई जानकारी गराए। मोर्टार शेल बरामद भएको खबर पाएपछि सीमा सुरक्षा बल (BSF) का अधिकारीहरू घटनास्थल पुगेर आफ्नो नियन्त्रणमा लिए।

**फ्लाईओभरको नवीनीकरण**

सुन्दरीकरण तथा रखरखाव कार्यहरूको लागि महानगर कोलकाता स्थित माँ फ्लाईओभरलाई राती बन्द राखिनेछ। यस फ्लाईओभरमा रात्रिको साढ़े सात घण्टासम्म यातायात बन्द रहनेछ। परिणामस्वरूप यस मार्ग भएर जाने यात्रीहरूले ईएम

बाईपासदेखि पश्चिम तर्फ गुड्ने वाहनहरूले वैक्लिपक मार्गलाई अप्नाउनुपर्नेछ। कोलकाता पुलिस आयुक्त मनोज वर्मा अनुसार फ्लाईओभरको रख रखाउको लागि बन्द गरिएको हो।

## लागु पदार्थ

सोनादा पुलिस आउट पोष्टका पुलिस कर्मीहरूले हिजो राति ड्रग्ससितै दुईजनालाई पक्राउ गरेका छन्। पक्रा पर्नेमा एकजना पुरुष र एकजना महिला रहेको बताइएको छ। पक्रा पर्ने दुवै सिलगढीबाट आईरहेको समय सोनादामा पुलिस नाका चेकिङ्को क्रममा ब्यागबाट ड्रग्स भेटिएको अनि त्यसपछि दुवैजनालाई पक्राउ गरिएको पुलिसले बताएको छ। पक्राउ परेका महिला र पुरुषबाट ड्रग्स बोकेको एउटा ब्यागसहित केही नगदराशि पनि बरामद गरेको बताइएको छ। पुलिसले दुवैलाई आइतबार दार्जीलिङ अदालत पठाउने जानकारी प्राप्त भएको छ।

## कोलकाता मेडिकल कॉलेज

एलर्जी अनि यसबाट उत्पन्न हुने विभिन्न जटिल रोग जस्तै- बाल्यकालमा सुनने क्षमतामा कमी वा बहिरोपनको समस्याहरुलाई लिएर अस्पतालमा रोगीहरुको संख्या दिन-प्रतिदिन बडीरहेको छ मेडिकल कॉलेज एवं अस्पतालमा अनुसंधान परिक्षण केन्द्रले दिएको छ।

## चेस चैंपियनशिप

३६औं दार्जिलिंग जिला चेस चैंपियनशिप २०२५ आज फुलबाड़ी स्थित दिल्ली पब्लिक स्कूल ऑडिटोरियममा भ्व्य रूपमा सम्प्नन भयो।

## टेबल टेनिस

दार्जिलिङ जिल्ला टेबल टेनिस संघको वार्षिक साधारण सभा हिजो मोडर्न इङ्लिस स्कूल प्राङ्गणमा सम्पन्न भयो। सभामा अध्यक्षीय स्वागत श्री अश्वनी अग्रवालले गर्नुभएको समाचार प्राप्त भएको छ।

****** ० ******